गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप
३ नं. प्रदेश नेपाल

# सिलबन्दी बोलपत्र आव्हवान सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति: २०७५/०१/२०

यस गोकुलगंगा गाउँपालिकामा निम्नबमोजिमका सडक निर्माण कार्य सिलबन्दी बोलपत्रको माध्यम द्वारा गराउनुपर्ने भएकोले नेपाल सरकाबाट इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरुले निम्न सर्तहरुको अधिनमा रहि रितपुर्वक सिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना आव्हवान गरिन्छ ।

१. सिलबन्दी बोलपत्र खरिदसम्बन्धी कागजपत्रहरु प्रोपाइटर वा निजको प्रतिनिधीबाट तल उल्लेखित दस्तुर (पछि फिर्ता नहुने) सिद्धार्थ बैंक शाखा कार्यालय गोकुलगंगा, रामेछापको संचित खाता नं. ०३६१५०३१६०३ मा जम्मा गरी सक्कल नगदी रसिद बुझाई नविकरण भएको निर्माण इजाजत पत्र, उद्योग दर्ता प्रमाण पत्र, आयकरको स्थायी लेखा नम्बर, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्र, आ.व. २०७३/०७४ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी रु. १० को टिकट टाँसी निवेदन दिई सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समयभित्र यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. खरिद भएका बोलपत्रहरुमा उल्लेख भएका सबै विवरणहरु प्रस्टसंग भरी निर्माण व्यवसायले प्रत्येक पानामा सहिछाप गरी सिल्बन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना र कामको नाम प्रष्टसंग लेखी खरिद कार्यमा अयोग्य नभएको भनि स्वयम् घोषण गरेको पत्रसमेत संलग्न राखी ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराउनु पर्ने छ । दर्ता भएको बोलपत्र सोही दिनको १:०० बजे उपस्थित बोलपत्र दाताहरु वा प्रतिनिधिहरु तथा कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमा खोलिनेछ । बोलपत्र वा निजको प्रतिनिधिहरुको उपस्थिति नभएममा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै अन्य कार्यालयमा दर्ता भएका सिलबन्दी बोलपत्रलाई मान्यता दिइने छैन ।

३. सिलबन्दी बोलपत्रको साथमा धरौटीबापत तल उल्लेखित रकम सिद्धार्थ बैंक शाखा कार्यालय रस्नालु, रामेछापको धरौटि खाता नं.०३६१५०३१६१० मा दाखिला गरेको सक्कल भौचर वा सो रकम बराबरको यस कार्यलयको नाममा जारी गरिएको बिडबण्ड (बोलपत्र दाखिला गर्ने अन्तिम मिति देखी कम्तीमा १२० दिन अवधी भएको) पेश गर्नु पर्नेछ ।

४. सिलबन्दी बोलपत्र शर्तरहित, यस कार्यालयले उपलब्ध गराएको बोलपत्र पुस्तिकामा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्ने छ । समयभित्र प्राप्त नभएको, रीत नपुगेको, सूचनाका शर्तविपरीत भएको सिलबन्दी बोलपत्रमाथी कारवाही हुनेछैन ।

५. सिलबन्दी बोलपत्र खरीद वा दर्ता गर्न फर्महरुले निर्माणस्थल र कामको सम्बन्धमा राम्ररी बुझि बोलपत्र भरेको मानिनेछ ।

६. सिलबन्दी बोलपत्र भर्दा दर रेट स्पष्ट रुपमा अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ । अक्षर र अंक फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

७. एउटा फर्मको नामबाट खरिद गरिएको बोलपत्र अर्कोको नाममा दाखिला गर्न पाईने छैन ।

८. सिलबन्दी बोलपत्र खरीद गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन हुनेछ ।

९. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा सिलबन्दी बोलपत्र खरिद गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहीत रहनेछ ।

१०. बोलपत्र दाताले आफुले कबोल गरेका अंक मुल्य अभिवृद्धि कर बोहेकको हुनुपर्नेछ ।

११. स्थानीय तथा नेपाल सरकारलाई बुझाउनुपर्ने सबै प्रकारका कर बोलपत्रदाता स्वयम्ले बेहोर्नु पर्नेछ ।

१२. बोलपत्र स्पेसिफिकेसन मूल्य अंकित परिमाण सूची र अन्य सम्बन्धित कागजातहरुमा कुनै त्रुटि वा फरक पर्न गएमा कार्यालयले जुनसुकै बखतमा सच्याउँन सक्नेछ र सोको जानकारी यस कार्यालयको सूचनापाटीमा टाँस गरिनेछ ।

१३. सिलबन्दी बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । सम्पर्क नं. ९८५४०४३६४०, ९८४९६१९९८६ ।

१४. यस सूचनामा लेखिएको हकमा यसैअनुसार र यसमा उल्लेख नभएको हकमा सार्वजानिक खरीद ऐन,२०६३ र सार्वजानिक खरीद नियमावली,२०६४(संशोधनसहित) प्रचलित ऐन नियमानुसार हुनेछ ।

**कामको विरण निम्नानुसार रहेको छ ।**

| सि.न. | कामको विवरण | बोलपत्र नं. | कुल लागत इस्टिमेट रकम रु.( भ्याट सहित) | बोलपत्र फारम खरिद दस्तुर रु. | धरौटि रकम रु. |
|---|---|---|---|---|---|
| १ | देउराली, डडुवा, विगु, सोत्रे, आरुबोटे, पात्ले, टगम, केसे, खरिखोला, मजुवा खर्क, दात्रे, सुर्के सडक निर्माण कार्य | GRM/RCH/W/RD/NCB/01/074-75 | ५७,६०,०००।- | ३,००० ।- | १,४४,००० |
| २ | फर्पू भवन, लुते पहरो, चित्रे, पासावार, काँडे, लामिडाडाँ, लिसेखानी, गैरी, सुर्के फेदी, भिमसेनथान सडक निर्माण कार्य | GRM/RCH/W/RD/NCB/02/074-75 | ५७,६०,०००।- | ३,००० ।- | १,४४,००० |